# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०१।१४ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी सम्पत्ति आर्जन, घुस/रिसवत र नपाएको अधिकार प्रयोग गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८०।०१।१४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता
भोला दाहाल

**<u>देहायः</u>**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | कृष्ण वहादुर बस्नेत, नविन कुमार गौली, सबिता गौली, सकुन्तला गौली, सुलभ गौली (वि.अ. को मु.नं. ०७६-CR-०१८१, वि.अ. को फैसला मिति २०७९।०९।०१) | गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको। | प्रतिवादी कृष्ण बहादुर बस्नेतले साबिक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निज कृष्ण बहादुर बस्नेतलाई बिगो रू. १०,५६,९१,६०९।९१ (दश करोड छपन्न लाख एकानब्बे हजार छ सय नौ रूपैंया एकानब्बे पैसा) कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १५ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३, दफा १६ (ग) र दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुन र भ्रष्टाचार गरी गैरकानुनी रुपमा आर्जन गरेको देहायमा उल्लेखित सम्पत्तिहरु साबिक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १६ (ग) तथा दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २० को उपदफा (२), दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा २९ (ख) बमोजिम जफत हुन र अपुग बिगोको हकमा यसैसाथ संलग्न बिवरणमा उल्लिखित निज र निजको श्रीमती सबिता गौली बस्नेत, निजको जेठान नबिन कुमार गौली, नबिन कुमार गौलीको श्रीमती सकुन्तला गौली र छोरा शुलभ गौली समेतको नाममा हाल कायम रहेको चल अचल सम्पत्तिबाट असुल उपर हुन, प्रतिवादी | **<u>फैसलाः</u>**प्रतिवादीहरुलाई आरोपदावीवाट सफाई।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>क) आयोगले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सरकारी साक्षीको रुपमा राखिएका शम्भुप्रसाद फुँयाल, नबिनकुमार थापा र भुषण थापा अदालतमा आइ बकपत्र गर्दा मौकाको वयान वेहोरा खण्डित हुने गरी वेहोरा लेखाएको अवस्थामा समेत आयोगले निज साक्षीहरुलाई दफा ५५ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम प्रतिकूल बकपत्र गरेको आधारमा निजहरु उपर पुनः मुद्दा दायर गरेको भन्ने देखिदैन। आयोगलाई आफ्ना साक्षीले प्रतिकूल बकपत्र गरेका छन भन्ने तथ्य थाहा हुँदाहुँदै पनि निजहरु उपर पुनः मुद्दा दायर नभएको अवस्थामा आयोगसमेतले आफ्ना साक्षीहरुको बकपत्रलाई अन्यथा हो भनी भन्न नसकेको अवस्था देखिन आएको।<br>ख) मौकामा बुझिएका लक्ष्मण लामिछानेले कान्तिपुर क्यारिङ्गमा काम गर्दा क्यारिङ्गका कर्मचारीहरु भुषण थापा, राजकुमार र विमलाबाट जम्मा भएको रु.१०,००,०००। भन्सारबाट सामान छुटाउने प्रयोजनका लागि कृष्णबहादुर बस्नेतलाई दिएको हुनुपर्दछ भनी लेखाएको भए तापनि अदालतमा आई बकपत्र गरेको नदेखिँदा निजको मौकाको कागजलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाण ग्राहय हुने नदेखिएको।<br>ग) आयोगले प्रतिवादीको ३१ वर्षको सेवा अवधिलाई १२ वटा जाँच अवधि कायम गरी सो अलगअलग जाँच अवधिमा प्रतिवादीको आय र व्यय यकिन गरी जग्गा बिक्रीबाट प्राप्त आय, वहालबाट प्राप्त आय र सुन बिक्रीबाट प्राप्त आय | • आयोगले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सरकारी साक्षीको रुपमा राखिएका शम्भुप्रसाद फुँयाल, नबिनकुमार थापा र भुषण थापा अदालतमा आइ बकपत्र गर्दा मौकाको वयान वेहोरा खण्डित हुने गरी वेहोरा लेखाएको अवस्थामा समेत आयोगले निज साक्षीहरुलाई दफा ५५ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम प्रतिकूल बकपत्र गरेको आधारमा निजहरु उपर पुनः मुद्दा दायर गरेको भन्ने नदेखिएको। आयोगलाई आफ्ना साक्षीले प्रतिकूल बकपत्र गरेका छन भन्ने तथ्य थाहा हुँदाहुँदै पनि निजहरु उपर पुनः मुद्दा दायर नभएको अवस्थामा आयोगसमेतले आफ्ना साक्षीहरुको बकपत्रलाई अन्यथा हो भनी भन्न नसकेको अवस्था देखिन आयो भन्ने आधार लिई प्रतिवादीहरुलाई सफाई दिएको सम्वन्धमा हेर्दा स्वंय अदालतले नै आयोगको साक्षीहरुले प्रतिकुल बकपत्र गरेको हो भनी फैसलाको प्रकरण नं.९० मा स्वीकार गरी सके पश्चात बिना आधार प्रमाणको उक्त प्रतिकूल बकपत्रलाई नै आधार लिई प्रतिवादीहरुलाई सफाई दिन मिल्ने सर्वोच्च अदालतवाट प्रतिपादित नजिरको रोहमा मिल्ने देखिएन । यसै सन्दर्भमा नेपाल सरकार वि.नारायण वहादुर रावत भएको मुद्दामा "अन्य प्रमाणबाट कसूर गरेको भन्ने पुष्टि भइरहेको अवस्थामा केवल पीडित तथा अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुने गरी गरेको वकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाई दिँदै जाने हो भने पीडित तथा अन्य व्यक्तिउपर अनुचित प्रभाव पार्न सक्ने र अपराधीहरूले कहिल्यै पनि सजाय पाउने अवस्था नआई दण्डहीनताको स्थिति सिर्जना भई अन्ततः समाज नै अराजकतातर्फ जाने ।" (ने.का.प २०६६, नि.न.८१७९, भाग ५१, अंक ६) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भएको अवस्थामा सोको प्रतिकूल हुने गरी प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाइ पाउने गरी भएको विशेष अदालतको उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको।<br>• मौकामा बुझिएका लक्ष्मण लामिछानेले कान्तिपुर क्यारिङ्गमा काम गर्दा क्यारिङ्गका कर्मचारीहरु भुषण थापा, राजकुमार र विमलाबाट जम्मा भएको रु.१०,००,०००। भन्सारबाट सामान छुटाउने प्रयोजनका लागि कृष्णबहादुर बस्नेतलाई दिएको हुनुपर्दछ भनी लेखाएको भए तापनि अदालतमा आई बकपत्र गरेको नदेखिँदा निजको मौकाको कागजलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाण ग्राहय हुने देखिएन भनी यी प्रतिवादीहरुलाई कसुरमा सफाई दिने आधार लिएको सम्वन्धमा हेर्दा मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ र विशेष अदालत ऐन, २०५९ को दफा ७(ख) वमोजिम नबुझी नहुने साक्षी, मौकामा बुझिएका लक्ष्मण लामिछानेलाई समाह्वान वा पक्राउ पुर्जी जारी गर्न सक्नेमा सो तर्फ प्रवेश नगरी प्रतिवादीहरुलाई सफाई दिनको लागी हतारमा भएको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ वमोजिम त्रुटि पूर्ण भई वदर भागी छ। त्यस्तै प्रस्तुत मुद्दाको लगाउ मुद्दा नं.०७६- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | नविन कुमार गौलीलाई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) को कसुरको मतियारको रुपमा सोहि ऐनको दफा २२ बमोजिमको कसुर गरेको देखिँदा निजको हकमा जम्मा बिगो जम्मा रु ९,२१,५२,७९२।- (नौ करोड एक्काईस लाख बाउन्न हजार सात सय बयानब्बे मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मूल प्रतिबादी कृष्ण बहादुर बस्नेतलाई भएसरह भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुन र उक्त बिगो रू. रु ९,२१,५२,७९२।- निजको नाममा रहेको साबिक पोखरी हाईड्रोपावर हाल अर्बिट ईनर्जी प्रा.लि.को शेयरबाट र सोबाट असुल उपर हुन नसकेमा निजको श्रीमती सकुन्तला गौली र छोरा सुलभ गौली समेतको नाममा हाल कायम रहेको सम्पत्तिबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा २९ (ख) बमोजिम जफत हुन। प्रतिवादीहरु सबिता गौली, सकुन्तला गौली, सुलभ गौली सम्पत्ती जफत गर्ने प्रयोजनको लागि प्रतिबादी कायम गरिएको। | समेतमा स्रोत नपुगेको भनी समग्र आय र सम्पत्तिको विश्लेषण नगरीकन बीचको जाँच अवधिमा स्रोत नपुगेको भनी आय कायम नगरेकोमा सो हदसम्मको आरोपदावीसँग इजलास सहमत हुन नसकेको। समग्र आय र सम्पत्तिको विश्लेषण नगरी बीचमै स्रोत पुगेन भनी आय र व्ययको बिगो कायम गरेको आरोपदावी न्याय संगत नदेखिएको।आयोगको यस्तो आरोपदावी प्रचलित न्यायिक मान्यता विपरीत समेत भएको देखिन आएको।<br>घ) प्रतिवादी कृष्णबहादुर बस्नेतको जाँच अवधिको आय रु.२,२१,५३,३८४।९३(दुई करोड एक्काइस लाख त्रिपन्न हजार तीन सय चौरासी रुपैया त्रियानब्बे पैसा) र कुल व्यय रु.२,२४,४३,३३८।७५(दुई करोड चौबिस लाख त्रिचालीस हजार तीन सय अडतीस रुपैया पचहत्तर पैसा) भई आय भन्दा व्यय रु.२,८९,९५३।८२ (दुई लाख उनानब्बे हजार नौसय त्रिपन्न रुपैया, बयासी पैसा) बढी भएको देखिन आएको। | CR-०१८० मा कान्तिपुर क्यारिङका कर्मचारी भुषण थापाले अनुसन्धानको क्रममा स्वंयको हस्त लिखित बयानमा म कान्तिपुर क्यारिङ्गमा काम गर्छु, उक्त क्यारिङ्गले नेपाल आयात गर्ने सामानको भन्सार छुटाई सम्बन्धित व्यापारीलाई दिने काम गर्दछ।आयोगबाट देखाईएको नविन कुमार गौलीको नाममा नबिल बैंकमा रहेको खाता नं.४११००१७५०००२४ मा मिति २०७३/०४/१७ गते मेरो नामबाट रू. ५,००,०००।- जम्मा भएको भौचरको प्रतिलिपि हेरें । उक्त भौचर म आफैले भरी रकम जम्मा गरिदिएको हो। मैले बुझेसम्म उक्त रकम बिराटनगर भन्सार कार्यालयबाट सामान छुटाउन सहजीकरण गर्ने प्रयोजनको लागि बिराटनगर भन्सार कार्यालयका प्रमुख कृष्ण बहादुर बस्नेतले प्राप्त गर्ने गरी निजको जेठान नबिन कुमार गौलीको नाममा जम्मा गरिदिएको हो। यस्ता खालका रकमहरु म बाहेक कान्तिपुर क्यारिङ्गमा काम गर्ने राज कुमार श्रेष्ठ, बिमला कार्की समेतले समय समयमा जम्मा गरिदिन्थे भन्ने समेत ब्यहोरा खुलाई दिएको देखिएकोमा अदालत समक्ष वयान गर्दा स.ज.१३ मा मलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट कागज गर्ने क्रममा कुनै डर त्रास दिएको थिएन भनी वकपत्र गरेको देखिएकोले उक्त वयानलाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क), दफा १० र दफा १८ वमोजिम प्रमाण लाग्ने देखिएको।<br>• आयोगले प्रतिवादीको ३१ वर्षको सेवा अवधिलाई १२ वटा जाँच अवधि कायम गरी सो अलग अलग जाँच अवधिमा प्रतिवादीको आय र व्यय यकिन गरी जग्गा बिक्रीबाट प्राप्त आय, वहालबाट प्राप्त आय र सुन बिक्रीबाट प्राप्त आय समेतमा स्रोत नपुगेको भनी समग्र आय र सम्पत्तिको विश्लेषण नगरीकन बीचको जाँच अवधिमा स्रोत नपुगेको भनी आय कायम नगरेको सो हदसम्मको आरोपदावीसँग यो इजलास सहमत हुन सकेन भनी प्रतिवादीहरुलाई सफाई दिने आधार लिएको सम्वन्धमा हेर्दा उक्त अवधि समयावधिको आधारमा नभई आय र व्ययको आधारमा आय व्यय प्रवाहा विवरण तयार गर्ने क्रममा प्रतिवादीको आय भएको रकम भन्दा व्यय भएको रकम जाँहा वाट वढी हुन आउछ र प्रतिवादीले उक्त रकमको स्रोत समेत पुष्टि गर्न नसकेको अवस्थामा तँहासम्म एक जाँच अवधि कायम गर्दा उक्त जाँच अवधि कायम हुन गएको र आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएको अवस्था।<br>• नबिन कुमार गौलीले रुद्राक्ष, अलैची लगायतका कृषी उपजबाट ठूलो रकम आय आर्जन गरेको भनी दाबी गरेको देखिएतापनि निजको बिभिन्न बैंकहरुमा रहेको खाता बिबरण अध्ययन गर्दा निजले संचालन गर्ने खाताहरुमा त्यसरी कुनै ठूलो रकम जम्मा हुन आएको देखिएन भने खाँदबारी नगरपालीका वडा नं.८ का वडा अध्यक्ष डम्बर बहादुर कटुवाल र वडा नं.१ का वडा सदस्य उद्दिम कुमार राईको बयान ब्यहोराबाट समेत निजले हुदै नभएको आय प्रमाणित गर्न लगाई अन्य प्रयोजनका लागि भनी बनावटी कागजातहरु तयार पारी पेश गरेको समेत देखिएबाट निजले दाबी गरेको कृषि उपज तथा अन्य आय समेत बास्तविकतामा आधारित नभै बनावटी र काल्पनिक पुष्टि भई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | रहेको देखिएको। स्वयम् अदालतको फैसलाको प्रकरण नं.६३ मा प्रतिवादी कृष्णबहादुर बस्नेत समेत भएको गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धानका अनुसन्धान अधिकृत समक्ष गरेको वयान व्यहोरा सही साँचो हो र सोमा भएको सहीछाप मेरै हो भन्ने समेत व्यहोराको वादी नेपाल सरकारका साक्षी विजयबहादुर राजभण्डारी, महिमा शर्मा, भक्तलाल श्रेष्ठ, शुशिलकुमार रिमाल, काशीनाथ लम्साल, राजन रेग्मी, अनिल महर्जनले बकपत्र गरेकोलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ ले प्रमाण योग्य नै देखिदा समेत सोलाई अन्देखा गरी नबिनकुमार गौलीको नामको बैंक खातामा जम्मा भएको रकमलाई प्रतिवादी कृष्ण बहादुर बस्नेतले गैरकानूनी रुपमा आर्जन गरी राख्न दिएको भनी अन्य व्यक्तिको खाताको रकमलाई प्रतिवादी कृष्णबहादुर बस्नेतको व्यय रकम हो भनी आयोगबाट यस शीर्षकमा कायम व्यय रकम रु.९,२१,५२,७९२। सँग इजलास सहमत हुन सकेन भनी हचुवाको आधारमा प्रतिवादी नविन कुमार गौलीको श्रोत नखुलेको उक्त रकम वैध हुने गरी भएको फैसला आरोप-पत्रको पृ.१०३ र १०४ मा विश्लेषण तथा माथि विवेचित सर्वोच्च अदालतवाट प्रतिपादीत सिद्धान्त तथा समेतको प्रतिकूल रही प्रस्तुत फैसला बदर भागी रहेको।<br>• (ने.का.प.२०६९, अंक ५, निर्णय नं. ८८८६), (ने.का.प.२०७५, अंक १, निर्णय नं.९९३२), (ने.का.प. २०७२ अंक ११, नि.नं. ९४९२), (ने.का.प.२०६७, अंक १२, नि.नं. ८५१९), (ने.का.प.२०६९, अंक ५, निर्णय नं.८८८६,)(ने.का.प.२०६९, अंक ५, नि.नं. ८८३२) उल्लिखित नजिर सिद्धान्तहरु समेत यस मुद्दामा आकर्षित हुने देखिएको। प्रस्तुत फैसला सर्वोच्च अदालतवाट प्रतिपादित सिद्धान्त र विद्यमान कानूनी व्यवस्था प्रतिकूल रहनुका साथै प्रथम दृष्टिमानै त्रुटिपूर्ण देखिएको हुँदा खारेज भागी रहेको। |
| २ | प्रतिवादीहरु कृष्ण वहादुर बस्नेत र नविन कुमार गौली (वि.अ. को मु.नं. ०७६-CR-०१८०, वि.अ. को फैसला मिति २०७९।०९।०१) | घुस रिसवत लिने दिने कार्य गरी भ्रष्टाचार गरेको। | प्रतिवादी कृष्ण बहादुर बस्नेतलाई घुस रिसवत लिए खाएको जम्मा बिगो **रु १७,००,००० (सत्र लाख)** कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) र सोही दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम सजाय हुन र घुस रिसवत बापत लिएको रकम रू. १७,००,०००।- (अक्षरूपी सत्र लाख मात्र) भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) बमोजिम असुल उपर गरी जफत हुन र प्रतिवादी नविन कुमार गौलीलाई प्रचलित | फैसलाः प्रतिवादीहरुलाई आरोपदावीवाट सफाई।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>क) नविनकुमार थापाले भन्सारमा सामान किलयरिङ गराउन प्रतिवादी कृष्णवहादुर बस्नेतलाई कमिसन रकम दिएको, सो रकम निजका जेठान प्रतिवादी नविनकुमार गौलीको बैंक खातामा जम्मा गरिदिएको भन्ने तथ्य नै वादीका साक्षीहरुको वकपत्रवाट स्थापित हुन सकेको देखिएन ।<br>ख) आरोपदावी दर्ता हुनुभन्दा पहिले नै नविनकुमार थापा लगाएत रकम जम्मा गर्ने व्यक्तिहरुले रकम फिर्ता लगिसकेको तथ्य | • प्रतिवादी कृष्ण बहादुर बस्नेत मिति २०७१/१२/४ देखि २०७४/०५/३१ सम्म बिराटनगर भन्सार कार्यालयको प्रमुख भन्सार अधिकृतको रुपमा कार्यरत रहेको। उक्त अबधिमा निजको जेठान नबिन कुमार गौलीको नबिल बैंकमा रहेको खाता नं.४११००१७५०००२४ मा नबिन कुमार गौलीसँग कुनै चिनजान एवं सम्पर्क समेत नभएका तर कृष्ण बहादुर बस्नेतसँग मात्र कार्यगत सम्बन्ध रहेका बिदेशबाट आयात हुने सामानको भन्सार छुटाउने कार्य गर्ने काठमाडौं स्थित कान्तिपुर क्यारिङ्गका संचालक नबिन कुमार थापाले निजको कर्मचारीहरु मध्ये भुषण थापाको नामबाट मिति २०७३/०४/१७ मा रू. ५,००,०००।-, बिमलाको नामबाट मिति २०७३/०५/१३ रु ५,००,०००।-, राज कुमारको नामबाट मिति २०७३/०५/१६ मा रु ५,००,०००।- र लक्ष्मणको नामबाट २०७३/०२/२४ मा रु २,००,०००।- जम्मा गरिदिएको भौचर तथा बैक स्टेटमेन्टबाट देखिएको। उक्त रकम जम्मा गरिदिने कान्तिपुर क्यारिङका कर्मचारी भुषण थापाले अनुसन्धानको क्रममा स्वंयको हस्त लिखित बयानमा म कान्तिपुर क्यारिङ्गमा काम गर्छु। उक्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (२) को कसुरमा जम्मा बिगो **जम्मा रू. १७,००,०००।- (सत्र लाख मात्र)** कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (२) मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम सजाय गरी घुस रिसवत बापत लिएको रकम रू. १७,००,०००।- सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम असुल उपर गरी जफत हुन मागदाबी लिएको। | आरोपदावीले स्वीकार नै गरिसकेको अवस्था र कमिशन वापतको रकम प्रतिवादी कृष्ण वहादुर बस्नेतले प्रयोग प्रचलन नगरेको तथा प्रतिवादी नविनकुमार गौली समेतले उक्त रकम फिर्ता गरिसकेको अवस्थामा प्रतिवादीहरु उपरको आरोप नै बस्तुपरक एंव तथ्यगत प्रमाणवाट स्थापित हुन नसकेको । | क्यारिङ्गले नेपाल आयात गर्ने सामानको भन्सार छुटाई सम्बन्धित ब्यापारीलाई दिने काम गर्दछ। आयोगबाट देखाईएको नविन कुमार गौलीको नाममा नबिल बैंकमा रहेको खाता नं.४११००१७५०००२४ मा मिति २०७३/०४/१७ गते मेरो नामबाट रू. ५,००,०००।- जम्मा भएको भौचरको प्रतिलिपि हेरें। उक्त भौचर म आफैले भरी रकम जम्मा गरिदिएको हो। उक्त रकम र खाता नं. मलाई मेरो साहु कान्तिपुर क्यारिङ्गका नबिन कुमार थापाले दिई रकम जम्मा गर्न लगाएका हुन। मैले बुझेसम्म उक्त रकम बिराटनगर भन्सार कार्यालयबाट सामान छुटाउन सहजीकरण गर्ने प्रयोजनको लागि बिराटनगर भन्सार कार्यालयका प्रमुख कृष्ण बहादुर बस्नेतले प्राप्त गर्ने गरी निजको जेठान नबिन कुमार गौलीको नाममा जम्मा गरिदिएको हो । यस्ता खालका रकमहरु म बाहेक कान्तिपुर क्यारिङ्गमा काम गर्ने राज कुमार श्रेष्ठ, बिमला कार्की समेतले समय समयमा जम्मा गरिदिन्थे भन्ने समेत ब्यहोरा खुलाईदिएको देखिएकोमा अदालत समक्ष वयान गर्दा मलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट कागज गर्ने क्रममा कुनै डर त्रास दिएको थिएन भनी वकपत्र गरेको देखिएकोले उक्त वयानलाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क), दफा १० र दफा १८ वमोजिम प्रमाण लाग्ने देखिएको। त्यस्तै कान्तीपुर क्यारिङका संचालक नबिन कुमार थापाले अनुसन्धानको क्रममा स्वंयको हस्तलिखित वयानमा कृष्ण बहादुर बस्नेत बिराटनगर भन्सार कार्यालयमा प्रमुख भएर रहँदा ट्रान्सपोर्ट ब्यवसायको सिलसिलामा चिनजान भएको हो । निजको जेठान नविन कुमार गौलीसँग सामान्य चिनजान छ । सामान आयात गर्दा ट्रकहरु भंसार एजेन्ट मार्फत पास गराई काठमाडौ ल्याएर पार्टिहरुलाई दिने काम गर्छु । मैले काठमाडौ स्थित बिभिन्न पार्टी तथा ब्यक्तिहरुको सामान बिराटनगर र मेची भंसार कार्यालयबाट आयात गराईदिन्थें । कृष्ण बहादुर बस्नेतको जेठान नविन कुमार गौलीको नाममा नविल बैंकमा रहेको खाता नं. ४११००१७५०००२४ मा मिति २०७३/०४/१७ गते भुषण थापाको नामबाट रू. ५,००,०००।-, सोहि खातामा मिति २०७३/०५/१३ गते बिमलाको नामबाट रु ५,००,०००।-, मिति २०७३/०५/१६ मा राज कुमारको नामबाट रु ५,००,०००।- र २०७३/०२/२४ मा लक्ष्मणको नामबाट जम्मा गरिएको रु २,००,०००।- गरी जम्मा रु १७,००,०००।- मैले नै नबिन कुमार गौलीको नाममा रहेको उक्त खातामा जम्मा गर्न लगाएको हो । रकम जम्मा गर्ने भुषण थापा, बिमला, राज कुमार र लक्ष्मण मेरो कार्यालयका कर्मचारीहरु हुन । उक्त रकम मैले भन्सार जाँचपासको काम गर्ने भएको हुनाले सोही कामको सहजीकरणको लागि मैले सामान आयात गराईदिने बिभिन्न ब्यक्ति तथा पार्टीहरुसंग उठाई आफ्नो कमिशन कटाएर बाँकि रकम जम्मा गरिदिएको हो। हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निजको सम्पत्ति छानबिन शुरु गरेपछि उक्त रकम पोखरी हाईड्रोपावर(अर्विट इनर्जी प्रा.ली)को शेयर खरिदको लागि दिएको हो भन्ने ब्यहोरा खुलाई दिनको लागि मलाई अनुरोध गरिरहेका छन । निजले उक्त रकम मलाई फिर्ता गर्न पनि तयार छु भन्दैथिए। तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | यस बिषयमा अहिलेसम्म केही कागजात तयार पारेको छैन र मैले रकम फिर्ता लिएको पनि छैन भन्ने समेतको ब्यहोरा २०७६/०२/०७ गते अनुसन्धानको क्रममा गरेको बयानमा स्पष्ट पारिदिएको देखिएकोमा अदालतमा वकपत्र गर्दा हाईड्रो पावर आयोजना वापत दिएको रकम मिति २०७६।०२।२१ गते फिर्ता पाए भनी वकपत्र गरेको देखिएकोवाट निजले अनुसन्धानको क्रममा नै हाईड्रोमा लगानी वापत रकम प्रतिवादी नविनकुमार गौलीलाई दिएको हो भनी भन्न प्रतिवादीहरुले दवाव दिएको भन्ने कुरा अदालतको वकपत्रवाट पुष्टि हुन्छ। त्यसैगरी रकम जम्मा गरिदिने लक्ष्मण लामिछानेले बयान गर्दा समेत जम्मा गरिएका रकमहरु नबिनकुमार थापाले भने अनुसार उनैले उपलब्ध गराईदिएको खातामा जम्मा गरिएको र ती रकमहरु भन्सार छुटाउने प्रयोजनका लागि दिएको हुनुपर्छ भनी खुलाईदिएको र उक्त रकमका सम्बन्धमा नबिन कुमार गौलीले आफ्नो बयानमा उक्त रकम शेयर बिक्रिको लागि लिईएको रकम हो। शेयर नामसारी गर्न नसकिएकोले रकम फिर्ता समेत गरिएको छ भनी उल्लेख गरेको पाईएता पनि नबिन कुमार गौलीले २०७४ सालमा आफ्नो नामको शेयर कर्ण बहादुर घले र नबराज श्रेष्ठलाई नामसारी गरिदिनका लागी अर्बिट ईनर्जी प्रा.लि.मा निबेदन दिँदा नबिन कुमार थापालाई शेयर बिक्री गर्ने कुरा कहिँ कतै उल्लेख सम्म गरेको देखिएन जबकि नबिन कुमार थापाले नबिन कुमार गौलीको नाममा २०७३ सालमा नै बिभिन्न मितिमा माथी उल्लेखित रकमहरु जम्मा गरिदिएको देखियो भने रकम जम्मा गरेको भौचरहरुमा समेत रकम जम्माको प्रयोजनमा शेयर खरिदको लागी भनी उल्लेख गरेको देखिएन । सोहि अवधिमा नबिन कुमार गौलीले उक्त हाईड्रोपावरमा आफ्नो शेयर लगानी समेत बढाईरहेको देखिँदा निजले आफ्नो स्वामित्वको शेयर बिक्री गर्ने र गर्नु पर्ने कुनै कारण र मनसाय समेत थियो भन्ने देखिदैन । त्यसैगरी उक्त हाईड्रोपावरको उत्पादन शुरु नै नभएको र नबिन कुमार गौलीको बयान ब्यहोरा अनुसार नै नेपाल बिद्युत प्राधिकरणसँग २०७४/३/२६ र २०७५/१२/३० मा मात्र बिद्युत खरिद/बिक्री सम्झौता भएको हाईड्रोको शेयर २०७३ सालमै बिक्रीको लागी रकम जम्मा गरेको भन्ने कुरा पत्याउन सकिने नदेखिएको हुदा मिसिल संलग्न आधार प्रमाणहरुवाट बिदेशबाट सामान आयात निर्यात गर्ने क्यारिङ्ग ब्यबसायी नबिन कुमार थापाले बिदेशबाट आयात गरिएका सामानहरु भन्सारबाट छुटाउने प्रयोजनको लागि कृष्ण बहादुर बस्नेतले घुस रिसवत रकम जम्मा रू. १७,००,०००।- लिएको र प्रतिवादी नबिन कुमार गौलीले निजको बैनी ज्वाँई कृष्ण बहादुर बस्नेतले प्राप्त गर्ने कमिशन रकम आफूले लिने, प्रयोग गर्ने, बिभिन्न ब्यबसायहरुमा लगानी गर्ने, घरजग्गामा लगानी गरी ब्यबस्थापन र प्रयोग गरेको तथ्य तथा घटनाका शृंखलाहरु क्रमबद्ध रुपमा मिल्न आएको देखिई प्रस्तुत वारदातमा प्रतिवादीहरुको Mens Rea र Actus Reus दुवै तत्वको विद्यमान रही कसुर पुष्टि भएको अवस्थामा प्राप्त प्रमाणहरुको उचित मूल्याङ्कन नगरी प्रतिवादीहरुलाई आरोपदावीवाट सफाई हुने ठहर गरी भएको फैसला त्रुटि पूर्ण रहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • नविनकुमार थापाले भन्सारमा सामान किलयरिङ गराउन प्रतिवादी कृष्णवहादुर बस्नेतलाई कमिसन रकम दिएको। सो रकम निजका जेठान प्रतिवादी नविनकुमार गौलीको बैंक खातामा जम्मा गरिदिएको भन्ने तथ्य नै वादीका साक्षीहरुको वकपत्रवाट स्थापित हुन सकेको देखिएन भनी प्रतिवादीहरुलाई सफाई दिने आधार लिए तर्फ हेर्दा कान्तिपुर क्यारिङका कर्मचारी भुषण थापाले अनुसन्धानको क्रममा निज स्वंयको हस्त लिखित बयानमा म कान्तिपुर क्यारिङ्गमा काम गर्छु, उक्त क्यारिङ्गले नेपाल आयात गर्ने सामानको भन्सार छुटाई सम्बन्धित ब्यापारीलाई दिने काम गर्दछ । आयोगबाट देखाईएको नविन कुमार गौलीको नाममा नबिल बैंकमा रहेको खाता नं.४११००१७५०००२४ मा मिति २०७३/०४/१७ गते मेरो नामबाट रू. ५,००,०००।- जम्मा भएको भौचरको प्रतिलिपि हेरें । उक्त भौचर म आफैले भरी रकम जम्मा गरिदिएको हो । मैले बुझेसम्म उक्त रकम बिराटनगर भन्सार कार्यालयबाट सामान छुटाउन सहजीकरण गर्ने प्रयोजनको लागि बिराटनगर भन्सार कार्यालयका प्रमुख कृष्ण बहादुर बस्नेतले प्राप्त गर्ने गरी निजको जेठान नबिन कुमार गौलीको नाममा जम्मा गरिदिएको हो। यस्ता खालका रकमहरु म बाहेक कान्तिपुर क्यारिङ्गमा काम गर्ने राज कुमार श्रेष्ठ, बिमला कार्की समेतले समय समयमा जम्मा गरिदिन्थे भन्ने समेत ब्यहोरा खुलाईदिएको देखिएकोमा निजले अदालत समक्ष वयान गर्दा वयानमा मलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट कागज गर्ने क्रममा कुनै डर त्रास दिएको थिएन भनी वकपत्र गरेको देखिएकोले उक्त अनुसन्धानको क्रममा निजले गरेको वयानलाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क), दफा १० र दफा १८ वमोजिम प्रमाण लाग्ने देखिदा देखिदै कानूनी प्रावधानलाई अन्देखा गरी भएको फैसला कानून संगत मान्न मिल्ने देखिएन। त्यस्तै कान्तीपुर क्यारिङका संचालक नबिन कुमार थापाले अनुसन्धानको क्रममा स्वंयको हस्तलिखित वयानमा कृष्ण बहादुर बस्नेत बिराटनगर भन्सार कार्यालयमा प्रमुख भएर रहँदा ट्रान्सपोर्ट ब्यवसायको सिलसिलामा निज प्रतिवादीसँग चिनजान भएको हो । निजको जेठान नविन कुमार गौलीसँग सामान्य चिनजान छ । सामान आयात गर्दा ट्रकहरु भंसार एजेन्ट मार्फत पास गराई काठमाडौ ल्याएर पार्टिहरुलाई दिने काम गर्छु । मैले काठमाडौ स्थित बिभिन्न पार्टी तथा ब्यक्तिहरुको सामान बिराटनगर र मेची भंसार कार्यालयबाट आयात गराईदिन्थें । कृष्ण बहादुर बस्नेतको जेठान नविन कुमार गौलीको नाममा नविल बैंकमा रहेको खाता नं. ४११००१७५०००२४ मा मिति २०७३/०४/१७ गते भुषण थापाको नामबाट रू.५,००,०००।-, सोहि खातामा मिति २०७३/०५/१३ गते बिमलाको नामबाट रु.५,००,०००।-, मिति २०७३/०५/१६ मा राज कुमारको नामबाट रु.५,००,०००।- र २०७३/०२/२४ मा लक्ष्मणको नामबाट जम्मा गरिएको रु २,००,०००।- गरि जम्मा रु.१७,००,०००।- मैले नै नबिन कुमार गौलीको नाममा रहेको उक्त खातामा जम्मा गर्न लगाएको हो । रकम जम्मा गर्ने भुषण थापा, बिमला, राज कुमार र लक्ष्मण मेरो कार्यालयका कर्मचारीहरु हुन। उक्त रकम मैले भन्सार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | जाँचपासको काम गर्ने भएको हुनाले सोही कामको सहजीकरणको लागि मैले सामान आयात गराईदिने बिभिन्न ब्यक्ति तथा पार्टीहरुसंग उठाई आफ्नो कमिशन कटाएर बाँकी रकम जम्मा गरिदिएको हो । हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निज प्रतिवादीको सम्पत्ति छानबिन शुरु गरेपछि उक्त रकम हाईड्रोपावरको शेयर खरिदको लागि दिएको हो भन्ने ब्यहोरा खुलाई दिनको लागि मलाई अनुरोध गरिरहेका छन । निजले उक्त रकम मलाई फिर्ता गर्न पनि तयार छु भन्दैथिए । तर यस बिषयमा अहिलेसम्म केही कागजात तयार पारेको छैन र मैले रकम फिर्ता लिएको पनि छैन भन्ने समेतको ब्यहोरा २०७६/०२/०७ गते अनुसन्धानको क्रममा गरेको वयानबाट खुल्न आएको। यसै सन्दर्भमा बयानमा स्पष्ट पारिदिएको देखिएकोमा अदालतमा वकपत्र गर्दा हाईड्रो पावर आयोजना वापत दिएको उक्त रकम मिति २०७६।०२।२१ गते फिर्ता पाए भनी वकपत्र गरेको देखिएकोवाट निजले अनुसन्धानको क्रममा नै हाईड्रोमा लगानी वापत रकम प्रतिवादी नविनकुमार गौलीलाई दिएको हो भनी भन्न प्रतिवादीहरुले दवाव दिएको थिए भन्ने कुरा निजले अदालत समक्ष गरेको वकपत्रवाट पुष्टि हुन्छ। यसै सन्दर्भमा नेपाल सरकार वि.नारायण वहादुर रावत भएको मुद्दामा " अन्य प्रमाणबाट कसूर गरेको भन्ने पुष्टि भइरहेको अवस्थामा केवल पीडित तथा अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुनेगरी गरेको वकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाई दिँदै जाने हो भने पीडित तथा अन्य व्यक्तिउपर अनुचित प्रभाव पार्न सक्ने र अपराधीहरूले कहिल्यै पनि सजाय पाउने अवस्था नआई दण्डहीनताको स्थिति सिर्जना भई अन्ततः समाज नै अराजकतातर्फ जाने ।" (ने.का.प २०६६, नि.न.८१७९, भाग ५१, अंक ६) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भएको अवस्थामा सोको प्रतिकूल हुने गरी प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई पाउने गरी भएको विशेष अदालतको उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको ।<br>• नेपाल सरकार वि. श्रीकृष्ण श्रेष्ठ भएको भ्रष्टाचार मुद्दामा" पछाडि ऋण असूल भएको भन्ने मात्र आधारबाट तत्कालको अवस्थामा प्रतिवादीले अनियमित तवरबाट गरेको ऋण प्रवाहको कार्यको दायित्वबाट उन्मुक्ति पाउन नसक्ने ।" भनी नजिर प्रतिपादन भई भएको अवस्थामा आरोपदावी दर्ता हुनुभन्दा पहिले नै नविनकुमार थापा लगाएत रकम जम्मा गर्ने व्यक्तिहरुले रकम फिर्ता लगिसकेको तथ्य आरोपदावीले स्वीकार नै गरिसकेको अवस्था र कमिशन वापतको रकम प्रतिवादी कृष्ण वहादुर बस्नेतले प्रयोग प्रचलन नगरेको तथा प्रतिवादी नविनकुमार गौली समेतले उक्त रकम फिर्ता गरिसकेको अवस्थामा प्रतिवादीहरु उपरको आरोप नै बस्तुपरक एंव तथ्यगत प्रमाणवाट स्थापित हुन नसकेको भन्ने आधार लिई प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला प्रचलित नजिर तथा रकम अनुसन्धानको क्रममा रकम फिर्ता दिएको भन्ने आधारमा फौजदारी दायित्ववाट उन्मुक्ति दिन नमिल्ने सिद्धान्तको प्रतिकूल रही प्रस्तुत फैसला त्रुटि पूर्ण रहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • त्यस्तै अर्जुनकुमार घिमिरे विरुद्ध नेपाल सरकार भएको मुद्दामा "अपरिचित सेवाग्राहीले अपरिचित राष्ट्र सेवकलाई फसाउने भन्ने प्रश्न नै आउदैन" (स.अ.बु, वर्ष १८, अंक १८, पुष २०६६, पूर्णांक ४२०, पृष्ठ १०)भनी सर्वोच्च अदालतवाट फैसला भएको देखिएकोमा सो फैसलाको प्रतिकूल हुने गरी प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाइ पाउने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको ।<br>• त्यस्तै पुष्परत्न भन्ने आश्विनकुमार स्थापित विरुद्ध नेपाल सरकार भएको मुद्दामा" घटनाको कारणका रुपमा प्रस्तुत गरिएको तथ्य अन्य स्वतन्त्र प्रमाणहरूबाट पनि प्रमाणित भएबाट सो वयान स्वेच्छा प्रतिकूलको भनी अदालत समक्ष दावी लिँदैमा त्यस्तो वयानको प्रामाणिक मूल्यमा प्रश्न उठाउन नमिल्ने ।" ( ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा प्रतिवादीहरुले सजायवाट बच्न कसुरमा इन्कारी वयान गरेको आधारमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको। |
| ३ | प्रतिवादीहरु डा.बलराम थापा र रेवती रमण निरौला (वि.अ. को मु.नं. ०७६-CR-०३६२, वि.अ. को फैसला मिति २०७९।०५।१५ | नपाएको अधिकार प्रयोग गरी भ्रष्टाचार गरेको। | निज प्रतिवादी डा.बलराम थापालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसुर अपराधमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिम हदै सम्मको जरिवाना र कैद सजाय हुन र प्रतिवादी रेवती रमण निरौलालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ वमोजिमको कसुरको मतियार हुने कसुर गरेको पुष्टि भएको हुँदा निज रेवती रमण निरौलालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिम नै सजाय हुन मागदाबी लिएको। | फैसलाःप्रतिवादीहरुलाई आरोपदावीवाट सफाई।<br>**<u>विशेष अदालतले सफाई दिँदा लिएका आधारः</u>**<br>क) मिति २०६९।११।२८ को पत्र प्रतिवादी बलराम थापाले नै जारी गरेको र सहप्रतिवादीलाई दिएको भन्ने वादी पक्षले अन्य वस्तुनिष्ठ प्रमाणवाट पुष्टि गर्न सकेको नदेखिएको।<br>ख) प्रतिवादी डा.बलराम थापाले मुनाल बायोभेट फर्माले नक्कली सिफारिस तयार गरेको भन्ने थाहा हुनासाथ उक्त सिफारिस भुलबस हुन गएको भनी भन्सार कार्यालय वीरगंज समेतका निकायहरुलाई जानकारी गराएको भनी वयानमा उल्लेख गरेको तथा सो तथ्यलाई मिसिल संलग्न अन्य प्रमाणले पुष्टि गरेको।<br>ग) निज प्रतिवादीले मिति २०६७।११।२६ मा पशु सेवा विभागलाई सम्म सिफारिस गर्न सक्नेमा भन्सार कार्यालयलाई सिफारिस गरेको र उक्त सिफारिस गर्न कानूनले रोक लगाएको नदेखिएको तथा सो कार्य गर्दा सहप्रतिवादीसँग लिनु खानु गरेको वा बदनियत राखेको पुष्टि हुन नसकेको।<br>घ) प्रतिवादी रेवती रमण निरौलाले | • प्रतिवादी डा. बलराम थापाले अनुसन्धान तथा अदालतको वयानमा केन्द्रीय पशु चिकित्सालय, त्रिपुरेश्वरको नाउँमा जारी मिति २०६७।११।२६ को पत्र सक्कली भन्ने देखिएकोमा च.न.१८२ मिति २०६९।१०।०८ को पत्र किर्ते हो भनी वयान गरेको देखिएता पनि मुनाल बायोभेटका सन्चालक रेवतीरमण निरौलाले कीर्ते गरेको हो भनी जिकिर लिए पनि सो सम्बन्धमा रेवतीरमण निरौलालाई कारवाहीको लागि सम्बन्धित निकायमा लेखी कारवाही अगाडी बढाएको देखिदैन ।त्यस्तै प्रतिवादीले मुनाल बायोभेटलाई उपलब्ध गराएको सक्कल सिफारिस पत्रमा भएको दस्तखतका सम्बन्धमा उक्त दस्तखत डा. बलराम थापाको हो वा होईन भनी परीक्षण गर्दा उक्त औषधी आयातको सिफारिस पत्रमा भएको दस्तखत डा. बलराम थापाको दस्तखतसँग मेल खान्छ भन्ने व्यहोराको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको प्रतिवेदनबाट देखिन्छ। उक्त दुवै पत्रका सहिछाप एउटै व्यक्तिका हुन् भनी हस्ताक्षर परीक्षण गर्ने विशेषज्ञसमेतले अदालतमा वकपत्र गरेको देखिन्छ। उक्त प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १०,१८ र २३ वमोजिम प्रमाणमा लिन नै मिल्ने देखिन्छ। औषधी ऐन, २०३५ को दफा ९ बमोजिम औषधी व्यवस्था विभागमा दर्ता भएर मात्र गर्न मिल्ने, सो बाहेक अन्य निकायलाई मानिस, पशु वा पन्छीको औषधी पैठारी निकासीको लागि अनुमति दिने व्यवस्था नरहेको भनी औषधी व्यवस्था विभाग, काठमाडौको च.न.६५४ मिति २०७६।०५।१३ गतेको पत्रवाट देखिएको समेतको आधार प्रमाणहरुवाट निज प्रतिवादीहरुको आरोपदावी वमोजिमको कसुर पुष्टि भएको अवस्थामा मिति २०६९।११।२८ को पत्र प्रतिवादी बलराम थापाले नै जारी गरेको र सहप्रतिवादीलाई दिएको भन्ने वादी पक्षले अन्य वस्तुनिष्ठ प्रमाणवाट पुष्टि गर्न सकेको देखिदैन भन्ने आधार लिई प्रतिवादीहरुलाई आरोपदावीवाट सफाई दिने गरी भएको फैसला त्रुटि पूर्ण रहेको।<br>• प्रतिवादी डा.बलराम थापाले मुनाल बायोभेट फर्माले नक्कली सिफारिस तयार गरेको भन्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कानुनसम्मत रुपमा औषधी आयात गर्न सहप्रतिवादी वलराम थापाको कार्यालयमा निवेदन दिई सिफारिस लिई सोही सिफारिसका आधारमा कानूनवमोजिम लाग्ने राजश्व तिरी सिफारिस बमोजिमको औषधि पैठारी गरेको देखियो। मूल प्रतिवादी वलराम थापाउपर दावीको कसूर गरेको ठहर नभएको अवस्थामा प्रतिवादी रेवती रमण निरौलाको हकमा मतियारको आरोपदावी पुग्न सक्ने नदेखिएको। | थाहा हुनासाथ उक्त सिफारिस भुलबस हुन गएको भनी भन्सार कार्यालय वीरगंज समेतका निकायहरुलाई जानकारी गराएको भनी वयानमा उल्लेख गरेको तथा सो तथ्यलाई मिसिल संलग्न अन्य प्रमाणले पुष्टि गरेको भनी सफाई दिने आधार लिएको सम्वन्धमा हेर्दा सो सम्बन्धमा विभिन्न पत्रपत्रिकामा निजले गैर कानूनी रुपले सिफारिस गरेको भन्ने समाचार प्रकाशित भए पश्चात् आफूमाथि हुनसक्ने छानबिन तथा कारवाहीबाट जोगिन मुनाल बायोभेट फर्माका सन्चालक रेवती रमण निरौलासँगको मिलेमतो र सल्लाहमै निजले आफ्नो दस्तखत स्क्यान गरी मुनाल बायोभेट फर्माका कर्मचारी तथा भन्सार एजेन्टले दुरुपयोग गरेकोमा उक्त कार्य भूलवश हुन गएको भनी निवेदन दिन लगाएको देखिन्छ। त्यस्तै मुनाल बायोभेट फर्माका सन्चालक रेवतीरमण निरौलालाई कुनै प्रकारको कारवाही भए/गरेको देखिदैन।तसर्थ प्रतिवादीले कसुर सजायवाट बच्न लिएको आधारलाई नै अदालतले प्रतिवादीलाई सफाई दिने आधारको रुपमा ग्रहण गरेकोले त्रुटि पूर्ण भई बदर भागी रहेको।<br>• निज प्रतिवादीले मिति २०६७।११।२६ मा पशु सेवा विभागलाई सम्म सिफारिस गर्न सक्नेमा भन्सार कार्यालयलाई सिफारिस गरेको र उक्त सिफारिस गर्न कानूनले रोक लगाएको नदेखिएको तथा सो कार्य गर्दा सहप्रतिवादीसँग लिनु खानु गरेको वा बदनियत राखेको पुष्टि हुन सकेको नदेखिएको भनी फैसलामा प्रतिवादीहरुलाई सफाई दिने आधार लिएको देखिन्छ । सो सम्वन्धमा हेर्दा औषधी ऐन, २०३५ को दफा ९ बमोजिम औषधी व्यवस्था विभागमा दर्ता भएर मात्र गर्न मिल्ने, सो बाहेक अन्य निकायलाई मानिस, पशु वा पन्छीको औषधी पैठारी निकासीको लागि अनुमति दिने व्यवस्था नरहेको भनी औषधी व्यवस्था विभाग, काठमाडौको च.न.६५४ मिति २०७६।०५।१३ गतेको पत्रवाट देखिन्छ । यसै सन्दर्भमा सार्जन पाण्डे वि. नेपाल सरकार भएको मुद्दामा "सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहारबाट देखिने हुन्छ" "कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ ।" (स.अ.बु, वर्ष १८, अंक १५, मंसीर २०६६, पूर्णांक ४१७, पृष्ठ १९ ) भनी सर्वोच्च अदालतवाट फैसला भएकोले उक्त फैसालाको प्रतिकूल हुने गरी निज प्रतिवादीले मिति २०६७।११।२६ मा पशु सेवा विभागलाई सम्म सिफारिस गर्न सक्नेमा भन्सार कार्यालयलाई सिफारिस गरेको र उक्त सिफारिस गर्न कानूनले रोक लगाएको नदेखिएको तथा सो कार्य गर्दा सहप्रतिवादीसँग लिनु खानु गरेको वा बदनियत राखेको पुष्टि हुन सकेको नदेखिएको भनी विरोधाभाषपूर्ण आधार लिई प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने गरी विशेष अदालत काठमाडौको उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको।<br>• प्रतिवादी रेवती रमण निरौलाले कानुनसम्मत रुपमा औषधी आयात गर्न सहप्रतिवादी वलराम थापाको कार्यालयमा निवेदन दिई सिफारिस लिई सोही सिफारिसका आधारमा कानूनवमोजिम लाग्ने राजश्व तिरी सिफारिसबमोजिमको औषधि पैठारी गरेको देखियो । मूल प्रतिवादी वलराम थापाउपर दावीको कसूर गरेको ठहर नभएको अवस्थामा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिवादी रेवती रमण निरौलाको हकमा मतियारको आरोपदावी पुग्न सक्ने देखिएन भनी फैसलामा प्रतिवादीलाई सफाई दिने आधार लिएको सम्वन्धमा हेर्दा स्वयम मुनाल बायोभेट फर्माका सन्चालक स्वयम प्रतिवादी रेवती रमण निरौलाले उक्त सिफारिस पत्रको आधारमा करिब एक-डेढ लाख रुपैयाँ बराबरको औषधी आयात गरिएको थियो भनी खुलाई दिएकोवाट उक्त सिफारिस पत्रको आधारमा भारतबाट उक्त कम्पनीका औषधीहरु आयात गरिएको थियो भन्ने तथ्य निर्विवाद रुपमा पुष्टि भएको देखिएको अवस्थामा उक्त वयानलाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) वमोजिम प्रमाणमा लिन मिल्ने नै देखिएको। यस अवस्थामा प्रतिवादी रेवती रमण निरौलाको आरोपदावी पुष्टि भई नै रहेको अवस्थामा प्राप्त प्रमाणहरुको उचित मुल्याङ्कन नगरी भएको प्रस्तुत फैसला त्रुटि पूर्ण भई बदर भागी रहेको।<br>• त्यस्तै पुष्परत्न भन्ने आश्विनकुमार स्थापित विरुद्ध नेपाल सरकार भएको मुद्दामा " घटनाको कारणका रुपमा प्रस्तुत गरिएको तथ्य अन्य स्वतन्त्र प्रमाणहरूबाट पनि प्रमाणित भएबाट सो वयान स्वेच्छा प्रतिकूलको भनी अदालत समक्ष दावी लिँदैमा त्यस्तो वयानको प्रामाणिक मुल्यमा प्रश्न उठाउन नमिल्ने ।" ( ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा केवल प्रतिवादीहरुले सजायवाट बच्न कसुरमा इन्कारी वयान गरेको आधारमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको।त्यस्तै राधेश्याम गुप्ता विरुद्ध नेपाल सरकार भएको मुद्दामा "पेस भएको सर्टिफिकेट ओहदा पाउन, ओहदामा बहाल हुन वा कुनै लाभ सुविधा प्राप्त गर्ने उद्देश्यले पेस नगरेको भन्ने भएकोमा पेस गर्न आवश्यक नभएको सर्टिफिकेट नक्कली बनाई पेस गर्ने कार्य पछाडि ओहदासम्बन्धी सम्भावित लाभ प्राप्त गर्ने आपराधिक अभिप्राय रहेको स्पष्ट देखिने। नक्कली प्रमाणपत्र पेस गर्ने कार्यमा आपराधिक कार्य (Actus Rea) र आपराधिक मन वा उद्देश्य (Mens Rea) समेतको दुवै तत्त्वहरूको क्रियाशीलता समावेश भएको हुन्छ। प्रमाणपत्रबाट फाइदा नलिएकोबाट कसुर नहुने भन्ने न्यायोचित र कानूनसङ्गत नहुने" ( ने.का.प.२०७७, नि.न.१०५५०, भाग ६२, अंक ८, मंसिर )भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा नपाएको ओहोदा पाए सरह सिफारिस दिने कार्य गर्दा सहप्रतिवादीसँग लिनु खानु गरेको वा बदनियत राखेको पुष्टि हुन सकेको नदेखिएको भन्ने आधारलिई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला प्रस्तुत नजिरको प्रतिकुल रही प्रस्तुत फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको। |